बैठक मिति : २०७६/१०/२७
बैठक संख्या : १७

## छलफल तथा निर्णयहरु

१. आगामी तीन आर्थिक वर्ष (आ.व. २०७७/७८ समेत) को बजेट सीमा तथा मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७६ परिमार्जन सहित स्वीकृत गर्ने ।

२. आ.व. २०७६/७७ को समपूरक तथा विशेष अनुदानको रकम बाँडफाँट भई बाँकी रहेको समपूरक अनुदान तर्फको करिब रु. ३६ करोड र विशेष अनुदान तर्फको करिब रु. ५७ करोड रकम प्रदेश सरकार तथा स्थानीय तहबाट प्रस्ताव भई आएका आयोजना/कार्यक्रममा आवश्यकता र औचित्यताका आधारमा बाँडफाँट गर्ने ।

३. विभिन्न विषयगत मन्त्रालय/निकायहरुबाट बहुवर्षीय ठेक्का सम्बन्धमा आयोगको पूर्वस्वीकृतिका लागि प्राप्त हुन आउने आयोजनालाई 'आयोजनाहरुको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६' अनुकूल भएको हकमा आयोगको मिति २०७६/०४/७ को निर्णय बुँदा नं. २ बमोजिम स्वीकृत गर्ने र उल्लिखित मापदण्डको बुँदा नं. ५ – बहुवर्षीय ठेक्का आयोजना छनौटका आधारहरु – मा उल्लेख भएका आधारहरु मध्ये बुँदा (ग) मात्र पुरा नभएको अवस्थामा कारण र औचित्य खुलाई विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यस्तरबाट निर्णय गराई आयोगमा पेश गर्ने ।